annapurnapost.com
अन्नपूर्ण पोस्ट
वर्ष २५, अंक २८, पृष्ठ ८ | काठमाडौं, बिहीबार १४ जेठ २०८३ | ज्येष्ठ शुक्लपक्ष द्वादशी, नेपाल संवत् ११४६ | THURSDAY, MAY 28, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित मूल्य : रु. १०

आवरण समाचार

### मानव अधिकार आयोगको प्रतिवेदन

# तत्कालीन प्रधानमन्त्रीदेखि जेन–जी अभियन्तासम्म आरोपी



राष्ट्रिय मानव अधिकार आयोगले गत भदौ २३ गतेको 'जेन–जी' आन्दोलन र २४ गतेको देशव्यापी विध्वंसबारे गरिएको अध्ययन प्रतिवेदन सार्वजनिक गर्दै उक्त हिंसालाई पूर्वयोजनाबद्ध संगठित आपराधिक कार्यको संज्ञा दिएको छ। आयोगको छानबिन समितिले मौलिक हकविपरीत सामाजिक सञ्जालमा प्रतिबन्ध लगाएर आन्दोलन भड्काएको ठहर गर्दै तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीसहित मन्त्रीहरू रमेश लेखक र पृथ्वीसुब्बा गुरुङलाई कारबाही गर्न सिफारिस गरेको छ। प्रतिवेदनमा पूर्वप्रधानमन्त्री सुशीला कार्कीदेखि वहालवाला १७ सांसद्सम्मको नाम परेको छ।

**दिनेश गौतम** | *काठमाडौं*

समाचार पृष्ठ २

# 'आन्तरिक वित्त व्यवस्थापन चुनौतीपूर्ण'

**सुनिता कार्की** | *काठमाडौं*

विश्वव्यापी अनिश्चितता, व्यापार अवरोध र नीतिगत अस्थिरताका कारण मुलुकको आर्थिक वृद्धिमा संकुचन आउने सरकारले प्रक्षेपण गरेको छ। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले बुधबार संसद्मा आर्थिक सर्वेक्षण प्रस्तुत गर्दै यातायात तथा भण्डारण, सूचना तथा सञ्चार, खुद्रा व्यापारलगायत क्षेत्रमा भएको सामान्य वृद्धि, कृषि क्षेत्रको न्यून वृद्धि र मध्यपूर्वी एसियामा जारी द्वन्द्वका कारण आर्थिक वर्ष २०८२/०८३ मा मुलुकको आर्थिक वृद्धि ३.८५ प्रतिशत रहने अनुमान गरेका छन।

आर्थिक सर्वेक्षणले विदेशी मुद्रा सञ्चिति, रेमिट्यान्स र डिजिटल भुक्तानी जस्ता बाह्य एवं वित्तीय परिसूचकहरू सकारात्मक र सुदृढ देखाएको छ। तथापि बढ्दै गएको सार्वजनिक ऋण र बढ्दो ऋण सेवा खर्च (साँवा-ब्याज भुक्तानीको भार) आगामी दिनका लागि वित्त व्यवस्थापनको प्रमुख चुनौती हुने आर्थिक सर्वेक्षणमा उल्लेख छ। सर्वेक्षणमा आर्थिक वर्ष ०८१/०८२ र चालु आर्थिक वर्षको आठ महिना (फागुनसम्म) को आर्थिक तथ्यांकको विश्लेषण गरिएको छ।

'विद्युत् ग्यास क्षेत्रमा उल्लेख्य वृद्धि भएता पनि यातायात तथा भण्डारण, सूचना तथा सञ्चार, खुद्रा व्यापारलगायत क्षेत्रमा भएको सामान्य वृद्धि र कृषि क्षेत्रको न्यून वृद्धिका कारण तथा मध्यपूर्वी एशियामा जारी द्वन्द्वले आर्थिक वर्ष २०८२/०८३ मा नेपालको आर्थिक वृद्धि ३.८५ प्रतिशत रहने अनुमान छ। चालु आर्थिक वर्ष मुलुकको अर्थतन्त्र आधारभूत मूल्यमा ३.६८ प्रतिशतले विस्तार हुने अनुमान छ। गत आर्थिक वर्ष यस्तो विस्तार ३.८० प्रतिशत रहेको थियो,' आर्थिक सर्वेक्षणमा भनिएको छ। मुलुकको मुद्रास्फीति बाञ्छित सीमामा रहेको छ। चालु आर्थक वर्षको फागुनसम्म औसत उपभोक्ता मुद्रास्फीति २.१३ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ४.७२ प्रतिशत रहेको थियो।



कुल जीडीपीमा कृषि, वन र मत्स्यको योगदान २४.४६ प्रतिशत रहने अनुमान छ। यस वर्ष कृषि क्षेत्रको वृद्धिदर १.५८ प्रतिशत रहने प्रारम्भिक अनुमान छ। पछिल्लो एक दशकको प्रवृत्ति हेर्दा जीडीपीमा कृषि क्षेत्रको हिस्सा घट्दो क्रममा छ। कुल जीडीपीमा दोस्रो क्षेत्र (उद्योग, निर्माण, खानी) को योगदान १३.७३ प्रतिशत रहने अनुमान छ। यस्तै, कुल जीडीपीमा सबैभन्दा ठूलो हिस्सा सेवा क्षेत्र (थोक तथा खुद्रा व्यापार, यातायात, पर्यटन, वित्तीय क्षेत्र)को रहेको छ, जसको योगदान ६१.८१ प्रतिशत पुग्ने अनुमान छ।

**उपभोग केन्द्रित अर्थतन्त्र**

यता, मुलुकको अर्थतन्त्र उपभोग केन्द्रित रहेको छ। पछिल्लो दशक कुल गार्हस्थ उत्पादनमा कुल उपभोगको अंश ९०.८ प्रतिशत रहेको छ। चालु आर्थिक वर्ष यस्तो अंश ९०.३ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष ७.४ प्रतिशतले बढेको कुल उपभोग आर्थिक वर्ष ३.२ प्रतिशतले बढ्ने अनुमान छ। निजी उपभोगको तुलनामा सरकारी उपभोग न्यून छ। चालु आर्थिक वर्ष कुल गार्हस्थ उत्पादनमा सरकारी क्षेत्र र निजी क्षेत्रको उपभोगको अनुपात क्रमश: ५.९८ प्रतिशत र ८२.४० प्रतिशत रहने अनुमान छ। यसैगरी गैर-नाफामूलक संस्थाको उपभोगको अनुपात १.९२ प्रतिशत रहने अनुमान छ। कुल गार्हस्थ बचत र कुल राष्ट्रिय बचतमा सुधार भएको छ। गत आर्थिक वर्ष कुल गार्हस्थ उत्पादनमा कुल गार्हस्थ बचत ६.९ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष २.८ प्रतिशत बिन्दुले सुधार भई ९.७ प्रतिशत पुग्ने अनुमान छ। पछिलो दशक कुल गार्हस्थ उत्पादनमा कुल गार्हस्थ बचत वार्षिक औसत ९.२ प्रतिशत रहेको छ।

**कुल लगानीमा वृद्धि**

न्यून पुँजीगत खर्च र सुस्त कर्जा लगानीका बाबजुद पनि कुल लगानी भने केही बढेको छ। गत आर्थिक वर्ष कुल लगानी १०.७ प्रतिशतले वृद्धि भएकोमा चालु आर्थिक वर्ष यस्तो लगानी १५.६ प्रतिशतले बढेर २१ खर्ब ७ अर्ब ९० करोड पुग्ने अनुमान छ। पछिल्लो दशक कुल लगानी कुल गार्हस्थ उत्पादनको औसत ३४.२६ प्रतिशत रहेको छ।

» बाँकी पृष्ठ ५

# आज बकर इद

## लगातार चार दिन सार्वजनिक बिदा

**काठमाडौं** (अन्नपूर्ण): देशभरका इस्लाम धर्मावलम्बीले आज बकर इद ( इद-उल-अज्हा) मनाउँदैछन्। गृह मन्त्रालयले बकर इदको अवसरमा बिदा दिने निर्णय गरेको गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले जानकारी दिए। राजपत्रमा प्रकाशित सूचनाअनुसार इस्लाम धर्मालम्बीहरूको बकर इद (इद-उल-अज्हा)को दिन सार्वजनिक बिदा दिने व्यवस्था रहेको उनले बताए।

मुस्लिम आयोगका कावाअध्यक्ष महमदिन अलीका अनुसार बकर इद मुस्लिम समुदायको धार्मिक, सांस्कृतिक एवं त्याग र बलिदानको प्रतीक हो। उनले इदको अवसरमा सम्पूर्ण नेपालीमा शुभकामनासमेत दिएका छन्। बिहीबारदेखि लगातार चार दिनसम्म बिदा परेको छ। जेठ १५ गते गणतन्त्र दिवसको बिदा दिने यसअघि नै राजपत्रमा प्रकाशित छ। १६ गते शनिबार र १७ गते आइतबार सार्वजनिक बिदा हुन्छ।

FIFA
ACEPRO MEDIA PVT LTD
OFFICIAL MEDIA PARTNER

विश्वकप फुटबल २०२६ को प्रसारण एकाधिकार एवं लोगो, मास्कट र टाइटलको अधिकारको सम्बन्धमा

अत्यन्त जरुरी सूचना

विश्वको सर्वाधिक लोकप्रिय फुटबल प्रतियोगिता विश्वकप फुटबल २०२६ को नेपालको भू-सतही, स्याटलाइट, डी.टी.एच, केबल, ब्रोडब्यान्ड, मोबाइल तथा अन्य विद्युतीय प्रसारण लगायतको एकाधिकार एसप्रो मिडिया प्रा. लि. ले प्राप्त गरिसकेको हुँदा विश्वकप फुटबल २०२६ को लोगो, मास्कट, टाइटल लगायतका सम्पूर्ण अधिकार एसप्रो मिडिया प्रा. लि. र सोले अनुमति दिएको हिमालय टेलिभिजन नेटवर्क लिमिटेडमा मात्र सीमित रहेको व्यहोरा सरोकारवाला पक्ष सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

विश्वकप फुटबल २०२६ को आधिकारिक प्रायोजक, आधिकारिक साझेदार संस्था र आतिथ्य देशका आधिकारिक प्रायोजक बाहेक अन्यले यसको नाम, लोगो (प्रतिक चिन्ह) सँग जोडेर विज्ञापन सन्देश प्रवाह गर्ने गराउने, बौद्धिक सम्पत्तिको अनाधिकृत प्रयोग गर्ने गराउने, उपहार दिने आदिलाई पूर्णतः बन्देज गरिएको छ साथै विभिन्न माध्यम प्रयोग गरी विश्वकप फुटबल २०२६ प्रतियोगितासँग जोडेर कुनै पनि नाफा सहित वा नाफा रहित कार्य गर्न पूर्णतः निषेधित गरिएको छ। यस्ता कार्य अन्जानमा वा नियतवश गरिए उत्पन्न परिस्थिति तथा क्षतिपूर्तिका लागि प्रयोगकर्ता स्वयं जिम्मेवार रहने व्यहोरा समेत जानकारी गराइन्छ।

विश्वकप फुटबल २०२६ को सार्वजनिक प्रदर्शन गर्न इच्छुक संघ संस्था, होटल, रेष्टुरेण्ट, क्लब, सिनेमा हल आदिले सार्वजनिक प्रदर्शन गर्ने पूर्ण विवरण सहित हिमालय टेलिभिजन नेटवर्क लिमिटेडमा सम्पर्क राख्न आग्रह गरिन्छ। अन्य आधिकारिक एवं कानुनी प्रावधानहरुको सम्बन्धमा जानकारी हासिल गर्नुपरेमा एसप्रो मिडिया प्रा. लि.सँग सम्पर्क राख्न समेत अनुरोध गरिन्छ।

एसप्रो मिडिया प्रा. लि.
ठेगानाः नक्साल, काठमाडौं, इमेलः info@acepromedia.com.np

FIFA
WORLD CUP 2026